नेपाल सरकार (माननीय मन्त्रिस्तर) बाट स्वीकृत मितिः- २०७९/०८/१९

# सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने सम्वन्धी कार्यविधि, २०७९

**प्रस्तावना:** सहकारी संस्थाको प्रवर्धन तथा व्यवसाय विस्तारका लागि नेपाल सरकारबाट प्रदान गरिने अनुदान सुविधालाई सरल, पारदर्शी र प्रभावकारी तुल्याउन वाञ्छनीय भएकाले,

सहकारी ऐन, २०७४ को दफा १५१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने सम्वन्धी कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) "आयोजना" भन्नाले दफा ३ को उपदफा (३) बमोजिम संस्थाले सञ्चालन गर्न प्रस्ताव गरेको आयोजना सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सहकारी संस्था नियमन गर्ने अधिकार प्राप्त कार्यालय वा निकाय सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले सहकारी नियमावली, २०७५ सम्झनुपर्छ ।

(ङ) "नियामक निकाय" भन्नाले सहकारी संस्थाको नियमन क्षेत्राधिकार बमोजिम विभाग वा प्रदेश मन्त्रालय वा स्थानीय तहलाई समेत सम्झनुपर्छ ।

(च) "प्रस्ताव मूल्याङ्कन समिति" भन्नाले दफा १४ को उपदफा (१) बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति सम्झनुपर्छ ।

(छ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनुपर्छ।

(ज) "मापदण्ड" भन्नाले सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ बमोजिम सहकारी विभागबाट जारी गरिएको मापदण्ड सम्झनु पर्छ ।

(झ) "विनियम" भन्नाले संस्थाको विनियम सम्झनुपर्छ ।

(ञ) "विभाग" भन्नाले सहकारी विभाग सम्झनुपर्छ ।

(ट) "सहकारी खेती" भन्नाले संस्थाले बहुवर्षीय रूपमा भूमिको व्यवस्था गरी आफ्ना सदस्यलाई प्रत्यक्षतः संलग्न गराएर सामूहिक वा व्यक्तिगत प्रयासमा सञ्चालन गर्ने खेतीपाती सम्झनु पर्छ र सो शब्दले त्यसरी सामूहिक प्रयासमा गरिने पशुपालन, माछापालन, रेशम खेती, मौरीपालन, कुखुरापालनजस्ता व्यवसायलाई समेत जनाउँछ ।

(ठ) "समिति" भन्नाले संस्थाको सञ्चालक समिति सम्झनुपर्छ ।

(ड) "साधारण सभा" भन्नाले संस्थाको साधारण सभा सम्झनुपर्छ ।

(ढ) "सीमान्तीकृत समुदाय" भन्नाले आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको सूचकांकभन्दा न्यून स्थितिमा रहेका समुदाय वा मन्त्रालयले उपलब्ध गराएको गरिव परिवार परिचयपत्र प्राप्त समुदाय समेत सम्झनु पर्छ र सो शब्दले अतिसीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

(ण) "संस्था" भन्नाले प्रचलित सहकारी कानून बमोजिम गठन भई दर्ता भएको प्रारम्भिक सहकारी संस्था सम्झनुपर्छ ।

## परिच्छेद - २

## अनुदान सम्बन्धी व्यवस्था

३. **अनुदान दिन सक्ने** : (१) संस्थाको आयोजना सञ्चालन गर्न देहाय बमोजिम वित्तीय अनुदान प्रदान दिन सकिनेछ :-

(क) बीउपुँजी अनुदान,

(ख) पुँजीगत अनुदान,

(ग) कार्यक्रम अनुदान,

(२) उपदफा (१) बमोजिम प्रत्येक वर्ष प्रदान गरिने वित्तीय अनुदान रकमको अधिकतम सीमा विभागको स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम अनुदान दिँदा देहायका संस्थाको देहाय बमोजिमका आयोजनाका लागि दिन सकिनेछः-

(क) श्रमिक, भूमिहीन कृषक, सीमान्तकृत समुदाय सम्मिलित संस्था वा महिलाद्वारा मात्र सञ्चालित संस्थाले आफ्ना सदस्यहरूलाई सामूहिक वा व्यक्तिगत रूपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर दिलाउने आयोजना,

(ख) संस्थाले कम्तीमा तीन वर्षको लागि भूमिको व्यवस्था गरी सदस्यलाई संलग्न गराई सञ्चालन गर्ने सहकारी खेतीका आयोजना,

(ग) संस्थाले आफ्ना सदस्यहरूको उपज सङ्कलन, सञ्चय, प्रशोधन तथा बजारीकरण गर्ने आयोजना,

(घ) संस्थाले आफ्ना सदस्यहरूलाई अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरू बिक्री वितरण गर्ने आयोजना,

(ङ) संस्थाले एकल वा सामूहिक रुपमा सञ्चालन गर्ने पशुपंक्षी पालन, डेरी प्रशोधन उद्योग, डेरी फार्म, शीतघर, हरितगृह, खाद्य भण्डार, बीउ बिजन प्रशोधन केन्द्र, बहुउद्देश्यीय कोल्ड च्याम्बर, स्रोत केन्द्र, थोक बजार, यातायात, स्वास्थ्य सेवा, जलविद्युत्, भारी उपकरण, कृषि औजार कारखाना लगायतका साझा उपयोगका आयोजना र

(च) उत्पादनमा आधारित नमुना सहकारी संस्थालाई प्रोत्साहन गर्न व्यवसाय प्रवर्द्धन तथा विकासका लागि अनुदान ।

(४) यस दफा बमोजिम उपलव्ध गराइएको बीउपुँजी र पूँजीगत अनुदान सम्बन्धित संस्थाले आफ्नो जगेडा कोषमा राखी आयोजनाको उद्देश्य बमोजिम व्यवसाय सञ्चालन खर्च व्यहोर्ने गरी उपयोग गर्नु पर्नेछ ।

तर यस्तो अनुदानबाट प्रशासनिक खर्च गर्न पाइने छैन ।

४. **<u>बीउपुँजी अनुदान प्रदान गर्न सक्ने</u>:** (१) विभागले संस्थालाई दफा ३ को उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिमको आयोजना सञ्चालन गर्न बीउपुँजी अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बीउपुँजी अनुदान उपलब्ध गराउँदा संस्थाको प्रत्यक्ष रोजगार पाउने सदस्य संख्याका आधारमा प्रतिसदस्य पचास हजार रुपैयाँ वा कुल तेह्र लाख रुपैयाँमध्ये जुन घटी हुन्छ सो रकम त्यस्तो संस्थालाई प्रदान गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि महिला, दलित तथा सीमान्तकृत समुदायद्वारा सञ्चालित संस्थाको हकमा प्रति सदस्य पचहत्तर हजार रुपैयाँ वा कुल सोह्र लाख पचास हजार रुपैयाँ मध्ये जुन घटी हुन्छ सो रकम त्यस्तो संस्थालाई उपलब्ध गराउन सकिनेछ।

(४) उपदफा (२) वा (३) बमोजिम एक पटक बीउपुँजी अनुदान उपलब्ध गराइएको संस्थालाई आयोजना विस्तार गरी थप सय वा सो भन्दा बढी (कम्तीमा पचास प्रतिशत) स्वरोजगारी दिलाउने अवस्थामा दुई वर्षपछि उपदफा (२) वा (३) बमोजिमको सीमामा नबढाई बीउपुँजी अनुदान प्रदान गर्न सकिनेछ ।

५. **<u>पुँजीगत अनुदान उपलब्ध गराउन सकिने</u>:** (१) विभागले दफा ३ को उपदफा (३) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लिखित आयोजना सञ्चालन गर्ने संस्थालाई देहाय बमोजिम पुँजीगत अनुदान उपलब्ध गराउन सकिनेछः-

(क) अनुसूची-१ मा उल्लिखित दुर्गम क्षेत्रका लागि कुल स्थीर पुँजी आवश्यकताको असी प्रतिशत सम्म र

(ख) अन्य क्षेत्रको हकमा कुल स्थीर पुँजी आवश्यकताको साठी प्रतिशत सम्म।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित र सीमान्तीकृत समुदायद्वारा सञ्चालित संस्थाबाट सञ्चालन हुने आयोजनाको हकमा उपदफा (१) को खण्ड (क) बमोजिमको क्षेत्रमा नब्बे प्रतिशतसम्म र खण्ड (ख) बमोजिमको क्षेत्रमा सत्तरी प्रतिशतसम्म पुँजीगत अनुदान उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको आयोजना सञ्चालन गर्ने एक वर्षभन्दा बढी अवधि लाग्ने प्रकृतिको देखिएमा त्यस्तो आयोजनालाई निर्देशन समितिले बहुवर्षीय रूपमा स्वीकृत गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत गरिने बहुवर्षीय आयोजनाको अन्य सर्तहरू आयोजनाको प्रकृति हेरी निर्देशन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **<u>सम्झौता भएका आयोजनाको बाँकी रकम निकासा दिन सक्ने</u>**: (१) यो कार्यविधि लागू हुनुपूर्व सम्झौता एवं कार्य सम्पन्न भई विविध कारणले भुक्तानी हुन नसकेका आयोजनाहरूको कार्यसम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदनका आधारमा रजिष्ट्रारको निर्णय अनुसार बाँकी रकम उपलब्ध गराउन बाधा पर्ने छैन ।

(२) सम्झौता भई विविध कारणले कार्यसम्पन्न हुन नसकेका वा पूर्व सम्झौता बमोजिमको आयोजनालाई प्रभावकारी बनाउन साविक संरचनामा थप विस्तार गर्नुपर्ने भई सञ्चालक समितिको निर्णय समेतको आधारमा दफा ५ बमोजिमको पूँजीगत अनुदान उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम पूँजीगत अनुदान उपलब्ध गराउन रजिष्ट्रारले निर्देशन समिति समक्ष पेश गर्नुपर्नेछ ।

७. **<u>आफ्नो श्रोतको उपयोग गर्नुपर्ने</u>** : दफा ५ बमोजिम संस्थाले व्यहोर्नु पर्ने अंशको रकम संस्थाको आन्तरिक श्रोतबाटै व्यहोर्नु पर्नेछ ।

८. **<u>कार्यक्रम अनुदान उपलब्ध गराउन सक्ने</u>:** (१) राष्ट्रिय, केन्द्रीय वा जिल्ला तहका सहकारी सङ्घहरूलाई वार्षिक बजेट र कार्यक्रममा समावेश गरी कार्यक्रम सञ्चालन अनुदान उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम अनुदान उपलब्ध गराउँदा राष्ट्रिय, केन्द्रीय, प्रदेश तथा जिल्ला तहका सहकारी संघ संस्थाहरुलाई सम्बन्धित नियामक निकायद्धारा जारी निर्देशनहरूको कार्यान्वयन, शिक्षा तालिम, नेतृत्त्व विकास, बजार प्रवर्द्धन तथा संघ संस्थाको अनुगमन तथा व्यवसाय प्रवर्द्धन गर्ने प्रयोजनका लागि वार्षिक बजेट र कार्यक्रममा समावेश गरी कार्यक्रम अनुदान उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम उपलब्ध गराइने अनुदानको रकम र प्रयोजन स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा विभागले सम्बन्धित सङ्घसँगको समझदारी-पत्र (मेमोरेन्डम अफ अन्डरस्ट्यान्डिङ) मा अनुदानको लेखापालन, उपयोग र प्रगति प्रतिवेदनका शर्तहरू समेत तोक्नुपर्नेछ ।

९. **<u>व्यवसाय प्रवर्द्धन तथा विकासका लागि अनुदान उपलब्ध गराउन सक्ने</u>:** (१) उत्पादनमा आधारित नमुना सहकारी संस्थालाई प्रोत्साहन गर्न व्यवसाय प्रवर्द्धन तथा विकासका लागि अनुदान उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिमका संस्थाहरुलाई अनुसूची-७ बमोजिम सूचकका आधारमा नमुना सहकारी संस्था छनौट गरी अनुदान उपलब्ध गराउन सकिनेछ ।

१०. **<u>सदस्य केन्द्रित भई व्यवसाय सञ्चालन गर्नुपर्ने</u>:** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने संस्थाले सम्भव भएसम्म देहाय बमोजिम सदस्य केन्द्रित भई व्यवसाय सञ्चालन भएको हुनुपर्नेछः-

(क) उत्पादनमूलक संस्थाले सदस्यहरूको मात्र उपज खरिद गरेको,

(ख) उपभोक्ता संस्थाले सदस्यहरूलाई आवश्यक पर्ने वस्तु वा सेवा मात्र बिक्री गरेको,

(ग) रोजगारीमूलक संस्थाले सदस्यहरूलाई मात्र रोजगारी दिएको,

(२) यातायात र स्वास्थ्य सेवाका आयोजनाको हकमा यो दफा लागू हुनेछैन ।

११. **<u>अनुदान उपलब्ध नगराइने</u>:** (१) यस कार्यविधिको अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा संस्थालाई अनुदान उपलब्ध गराइने छैन-

(क) वार्षिक साधारण सभा समयमै सम्पन्न नगरेको,

(ख) सञ्चालक समिति र लेखा समितिको समयमै निर्वाचन नगरेको,

(ग) समयमै वार्षिक लेखा परीक्षण नगराएको,

(घ) लेखा समितिको वार्षिक प्रतिवेदन पेश नभएको,

(ङ) अघिल्ला वर्षहरुमा प्राप्त गरेको अनुदानको सदुपयोग नगरेको,

(च) उद्देश्य र कार्यक्षेत्रभन्दा बाहिर गई कारोबार सञ्चालन गरेको,

(छ) विभागले तोकेको व्यवस्थापन सूचना प्रणाली प्रयोग नगरेको,

(ज) सहकारी प्रवर्द्धन कोषमा योगदान नगरेको,

(झ) पछिल्लो कर चुक्ता प्रमाणपत्र नभएको,

(ञ) संस्था दर्ता भएको कम्तिमा दुई वर्ष पूरा नभएको ।

(२) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले बीउपुँजी अनुदान र पुँजीगत अनुदान प्राप्त गर्न सक्नेछैन ।

(३) पचास लाख रुपैयाँसम्म बचत संकलन गरेका उत्पादक, उपभोक्ता, श्रमिक वा बचत तथा ऋणको मुख्य कारोबार नगर्ने बहुउद्देश्यीय संस्थालाई बीउपुँजी अनुदान र पुँजीगत अनुदान प्रदान गर्न सकिनेछ।

(४) महिला, दलित तथा सीमान्तीकृत समुदायका कम्तीमा दुई—तिहाई सदस्य संख्या रहेका उत्पादक, उपभोक्ता, श्रमिक र बचत तथा ऋणको मुख्य कारोबार नगर्ने बहुउद्देश्यीय संस्थालाई उपदफा (३) बमोजिमको सीमा लागू हुने छैन।

तर मन्त्रालय वा विभागबाट अनुदान प्राप्त गर्न स्थानीय तह वा प्रदेश सरकारबाट सोही आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त गरे, नगरेको सिफारिसपत्र र स्वघोषणा पेश गर्नुपर्नेछ । संस्थाले नेपाल सरकार र संस्थाको योगदान तथा प्रदेश सरकार वा स्थानीय तहबाट समेत वित्तीय सहयोग प्राप्त भएकोमा त्यस्तो योगदान आयोजना प्रस्तावमा खुलाउनु पर्नेछ ।

## परिच्छेद -३

## अनुदान प्रदान गर्ने प्रक्रिया

१२. **सूचना प्रकाशन गर्ने:** (१) प्रत्येक आर्थिक वर्षको भाद्र पन्ध्र गतेभित्र विभागले वित्तीय अनुदानका लागि आयोजना प्रस्ताव पेश गर्न कुनै एक राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा एक्काइस दिनको अवधि दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र पर्याप्त आयोजना प्रस्ताव पेश हुन नआएको खण्डमा स्वीकृत कार्यक्रम तथा बजेट हेरी विभागले पुनः सूचना प्रकाशन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना विभागको वेबसाइटमा राख्नुपर्नेछ ।

१३. **दरखास्त पेश गर्नुपर्ने:** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न चाहने संस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी दफा १२ बमोजिम प्रकाशित सूचनामा दिइएको अवधिभित्र अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालय वा विभागमा दरखास्त दिनुपर्नेछः-

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको विनियमको प्रतिलिपि,

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) कर चुक्ताको प्रमाणपत्र,

(ङ) साधारण सभाबाट आयोजना प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि,

तर तोकिएको समयमा साधारण सभा हुन नसकेको मनासिब कारण सहित सञ्चालक समितिबाट स्वीकृत गरी पेश भएको आयोजना प्रस्ताव छनौट भएमा सम्झौता गर्नु अघि साधारण सभाको निर्णयको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

(च) सञ्चालक समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क टेलिफोन नम्बर खुलेको विवरण,

(छ) एक करोड रुपैंया वा सो भन्दा बढीको कुल लागत भएको आयोजना भए विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र सो भन्दा कम कुल लागत भएको आयोजना भए पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन,

तर यस अघि नै अनुदान प्राप्तगरी व्यवसाय सञ्चालन गरिरहेका संस्थाको हकमा व्यवसाय विस्तार योजना,

(ज) जग्गा प्राप्त गर्नुपर्नेमा प्राप्तिको भरपर्दो व्यवस्था खुल्ने कागजात,

(झ) आयोजनाका लागि संस्थाको तर्फबाट परिचालन गरिने पुँजीको स्रोत खुलेको कागजात,

(ञ) अनुसूची -३ बमोजिमको आयोजना प्रस्ताव ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएका आवेदन सहितको विवरणहरु रितपूर्वक भए नभएको हेरी रीतपूर्वकको भएमा सम्बन्धित नियामक निकायले दर्ता गरी अभिलेख राख्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विवरणहरु रितपूर्वकको नभएमा सम्बन्धित कार्यालयले रीत पुर्याई पुनः आवेदन पेश गर्न आवेदकलाई जानकारी गराउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम दर्ता हुन आएका आवेदन सहितको विवरणहरु सम्बन्धित कार्यालयले सिफारिस सहित प्रस्ताव दर्ताको अन्तिम म्याद नाघेको मितिले तीस दिनभित्र विभागमा पठाउनुपर्नेछ ।

१४. **प्रस्तावको मूल्याङ्कन गर्ने:** (१) दफा १३ बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गरी रजिष्ट्रार समक्ष सिफारिस गर्न विभागमा देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख, प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा, सहकारी विभाग | - संयोजक |
| (ख) | प्रतिनिधि, मन्त्रालय | - सदस्य |
| (ग) | आर्थिक प्रशासन शाखा प्रमुख, सहकारी विभाग | - सदस्य |
| (ङ) | रजिष्ट्रारले तोकेको एक जना विषय विज्ञ | - सदस्य |
| (च) | कानून अधिकृत, विभाग | -सदस्य |
| (छ) | सहकारी प्रवर्द्धन हेर्ने विभागका शाखा अधिकृत | सदस्य-सचिव |

(२) मूल्याङ्कन प्रयोजनका लागि विभागले दफा १२ बमोजिमको सूचनाको म्यादभित्र दर्ता भई दफा १३ बमोजिम विभागमा प्राप्त सबै दरखास्तहरूको सुनिश्चितता गरी अनुसूची-४ बमोजिम प्रारम्भिक छानविन गर्नुपर्नेछ ।

(३) मूल्याङ्कन गर्दा प्रस्ताव मूल्याङ्कन समितिले दफा ३ को उपदफा (२) बमोजिम छुट्ट्याइएको बजेटको सीमाभित्र रही प्रत्येक प्रस्तावलाई अनुसूची-५ बमोजिमको ढाँचामा मूल्याङ्कन गरी अङ्क प्रदान गर्नुपर्नेछ ।

(४) प्रस्ताव मूल्याङ्कन समितिले आयोजना प्रस्तावको मूल्याङ्कन गर्दा सदस्य केन्द्रीयता, क्षमता उपयोग, संस्थाको स्रोत योगदान लगायतका पक्षमा उपयुक्त देखेको शर्त पूरा भएपछि मात्र सम्झौता गर्नेगरी आयोजनाको नाम, कुल लागत, स्थिर पूँजी र अनुदान रकमसमेत स्वीकृतिका लागि सिफारिस गर्नुपर्नेछ ।

(५) मूल्याङ्कन समितिले अनुदान रकम सिफारिस गर्नुपूर्व कुनै आयोजनाको स्थलगत निरिक्षण गर्न आवश्यक ठानेमा निरीक्षण गर्न सक्नेछ ।

(६) मूल्याङ्कन समितिले कुनै शर्त तोकेको भए सो समेतका आधारमा मूल्याँकन गर्नुपर्नेछ ।

(७) मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव सो समिति समक्ष प्राप्त भएको मितिले तीस दिनभित्र मूल्याँकन गरीसक्नु पर्नेछ ।

**१५. <u>आयोजना प्रस्तावको स्वीकृति</u>:** (१) दफा १४ बमोजिम प्रस्ताव मूल्याङ्कन समितिले सिफारिस सहित प्रस्ताव स्वीकृतिको लागि रजिष्ट्रार समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त आयोजना प्रस्ताव उपयुक्त देखेमा रजिष्ट्रारले स्वीकृतिका लागि दफा १६ बमोजिमको निर्देशन समिति समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृतिका लागि प्राप्त आयोजना प्रस्ताव रजिष्ट्रारले प्रकृयागत वा अन्य त्रुटि देखिएकोमा वा यस कार्यविधि बमोजिम नभएमा पुनःमूल्याङ्कनका लागि कुनै वा सबै प्रस्ताव मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ ।

**१६. <u>निर्देशन समितिको गठन</u>:** (१) यस कार्यविधि बमोजिम आयोजना प्रस्तावहरूको स्वीकृति गर्ने तथा तत्सम्बन्धमा आवश्यक निर्देशन एवं समन्वयका लागि मन्त्रालयमा देहाय बमोजिमको निर्देशन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग सहसचिव, मन्त्रालय, प्रशासन, सहकारी तथा गरिवी निवारण महाशाखा - सदस्य

(घ) सदस्य-सचिव, राष्ट्रिय सहकारी विकास बोर्ड - सदस्य

(ङ) रजिष्ट्रार, सहकारी विभाग -सदस्य-सचिव

(२) निर्देशन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्नेछ ।

(३) निर्देशन समितिले अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक शर्त निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद -४

## कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

**१७. जानकारी दिनुपर्ने:** (१) दफा १६ बमोजिम निर्देशन समितिबाट आयोजना प्रस्ताव स्वीकृत भएपछि सोको जानकारी विभागले सम्बन्धित संस्थालाई दिनु पर्नेछ र त्यसरी आयोजना प्रस्ताव स्वीकृत भएको संस्थाहरुको विवरण विभागको वेबसाइट मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी गराउँदा कम्तीमा पन्ध्र दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत खुलाई लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र सम्झौता गर्न नआउने प्रस्तावक संस्थाको प्रस्ताव स्वतः रद्द भएको मानिनेछ ।

तर काबु बाहिरको कुनै विशेष अवस्था परी उक्त म्यादभित्र सम्झौता गर्न आउन नसकेको भए म्याद नाघेको सात दिनभित्र सम्झौता गर्न सम्झौता गर्न बाधा पर्नेछैन ।

**१८. सम्झौता गर्नु पर्ने:** (१) यस कार्यविधि बमोजिम संस्थालाई अनुदान प्रदान गर्दा अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(२) विभागले उपदफा (१) बमोजिमको सम्झौताको जानकारी सम्बन्धित नियामक निकायलाई दिनु पर्नेछ ।

**१९. निकासा विधि** : (१) यस कार्यविधि बमोजिम सम्झौता पश्चात संस्थालाई आयोजना संचालनको लागि स्वीकृत लागत अनुमान, ड्रइङ्, डिजाइन र स्पेशिफिकेसन समेतको आधारमा पहिलो किस्ता वापत् ५० लाख रुपैयासम्मको आयोजनाको लागि ६० प्रतिशतसम्म र ५० लाख भन्दा वढीको आयोजनाको लागि ४० प्रतिशतसम्म वित्तीय अनुदानको रकम निकासा गर्न सकिनेछ ।

(२) आयोजना सम्पन्न भई देहायका कागजात पेश भएपछि बाँकी रकम निकासा दिन सकिनेछ ।

(क) संस्थाको सञ्चालक समितिको निर्णय सहितको निवेदन पत्र,

(ख) नियामक निकायको सिफारिस,

(ग) स्वीकृत लागत अनुमान, ड्रइङ्, डिजाइन र स्पेशिफिकेसन बमोजिम कार्य सम्पन्न प्रतिवेदन,

(घ) पूँजीगत निर्माण सुधारको हकमा प्राविधिक नाप जाँचसहितको मूल्याङ्कन प्रतिवेदन,

(ङ) आम्दानी खर्चको प्रतिवेदन,

(च) आयोजना सञ्चालनमा रहेको सम्वन्धित स्थानीय तहको सिफारिस,

(छ) कार्य सम्पन्न भएको सुनिश्चित गर्ने अन्य कुरा भए, (तस्वीर, भिडियो आदि)

(३) उपदफा (२) बमोजिमको निवेदन तथा कागजात प्राप्त भएपछि बाँकी रकम निकासा दिनु अघि विभागले अनुगमन गर्नुपर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले आयोजना सञ्चालन गर्दा आवश्यक पूर्वतयारी पूरा गर्नुपर्नेमा त्यस्तो पूर्वतयारी पूरा नगरेसम्म कुनै पनि रकम प्रदान गरिनेछैन ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनका लागि पूर्व तयारी भन्नाले आयोजना निर्माण, जग्गा तथा मालसामान खरिद लगायतका प्रक्रिया पूरा गरेको सम्झनु पर्दछ ।

२०. **सार्वजनिक खरिद सम्बन्धी कानून पालना गर्नुपर्नेः** यस कार्यविधि बमोजिम संस्थाले प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ ।

२१. **वित्तीय अनुदानको सदुपयोग गर्नुपर्ने**: (१) संस्थाले दफा ४, ५ र ८ बमोजिम प्राप्त वित्तीय अनुदान रकम आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनमा मात्र उपयोग गर्नुपर्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिम आम्दानी बाँधिएको वित्तीय अनुदान रकमको उपयोग खुल्ने गरी स्रेस्ता राखी अद्यावधिक गर्नुपर्नेछ ।

२२. **प्रतिवेदन दिनुपर्ने :** संस्थाले यस कार्यविधि बमोजिम प्राप्त गरेको वित्तीय अनुदानबाट सम्पन्न गरेका कार्य, खर्च र प्रतिफल सहितको विवरण देहायको अवधि भित्र विभाग र नियामक निकायमा पेश गर्नुपर्नेछः-

(क) प्राविधिक नाप जाँच सहितको (चालु बिल) पहिलो अन्तरिम प्रतिवेदन दोस्रो किस्ता लिनु अघि, (निर्माण कार्यको हकमा)

(ख) वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र,

(ग) आयोजनाको प्रतिफल र उपलब्धीसहितको अन्तिम प्रतिवेदन आयोजना सम्पन्न भएको एक वर्षभित्र र

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको कार्य नगरेमा संस्थालाई अनुदान कार्यक्रमको प्रस्ताव मूल्याङ्कनमा दोश्रो पटक समावेश गरिने छैन ।

२३. **अनुगमन गर्नुपर्ने:** (१) विभाग वा नियामक निकायले यस कार्यविधि बमोजिम अनुदान प्रदान गरिएका आयोजनाको नियमित रूपमा अनुगमन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विभाग वा नियामक निकायबाट हुने अनुगमनका अतिरिक्त आवश्यकता अनुसार मन्त्रालयले समेत अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन गर्दा स्वीकृत लागत अनुमान, ड्रइङ्, डिजाइन र स्पेशिफिकेसन, आयोजनाको गुणस्तर तथा वित्तीय पारदर्शिता र प्रभाकारितामा समेत ध्यान दिनुपर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम गरिने अनुगमन कार्यमा संस्थाले आवश्यक सहयोग गर्नुपर्नेछ ।

२४. **अनुदान रोक्का गर्न सक्ने:** (१) दफा २३ बमोजिम अनुगमन गर्दा संस्थाले प्राप्त वित्तीय अनुदानको उपयोगको सिलसिलामा सम्झौताको कुनै सर्त पालना नगरेको पाइएमा अनुगमन प्रतिवेदनको सिफारिसको आधारमा विभागले मनासिब अवधि तोकी देहाय बमोजिम गर्न सक्नेछ :-

(क) उपयोग नगरेको रकम वा खरिद भएको उपकरणको उपयोग गर्न लगाउने,

(ख) अधुरो निर्माण कार्य सुचारु गर्न लगाउने र

(ग) सम्झौताको शर्त पालना नभएकोमा पालना गर्न लगाउने ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र उल्लिखित व्यवस्थामा आवश्यक सुधार गर्नका लागि विभागले निश्चित अवधि तोकी निकासा हुन बाँकी रकमको निकासा रोक्का राख्न सक्नेछ ।

२५. **<u>असूल उपर गरिने</u>:** दफा २३ बमोजिम अनुगमन गर्दा दफा २४ को उपदफा (२) बमोजिमको किस्ता रकम रोक्का राखिएको अवधिभित्र सुधार नगरेमा वा यस कार्यविधि बमोजिम संस्थालाई प्रदान गरिएको वित्तीय अनुदानको रकम कुनै किसिमले दुरुपयोग गरिएको पाइएमा प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ ।

२६. **<u>सफाई पेश गर्ने मौका दिनुपर्ने</u>:** दफा २४ बमोजिम अनुदान रोक्का राख्दा वा दफा २५ बमोजिम रकम असुल गर्दा सम्बन्धित संस्थालाई सफाई पेश गर्ने मनासिब माफिकको समय दिनुपर्नेछ ।

२७. **<u>वित्तीय अनुदानको लेखापरीक्षण</u>:** (१) संस्थाले यस कार्यविधि बमोजिम प्राप्त वित्तीय अनुदानको लेखापरीक्षण सहकारी ऐन, २०७४ मा व्यवस्था भए बमोजिम गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराउने प्रयोजनका लागि संस्थाले प्राप्त रकमको स्रेस्ता तथा बिल भरपाईहरू यस कार्यविधि बमोजिम अलग्गै रूपमा सुरक्षित राख्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन संस्थाले साधारण सभाबाट स्वीकृत भएपछि विभागको नियमन क्षेत्राधिकार भित्र नपर्ने संस्थाले सम्बन्धित नियामक निकाय तथा विभागमा र विभागको नियमन क्षेत्राधिकार भित्रका संस्थाले विभागमा मात्र पठाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम सम्पन्न लेखापरीक्षण त्रुटीपूर्ण रहेको भनी उजुरी परेमा विभागले तत सम्बन्धमा छानबीन गरी संस्थालाई पुनः लेखापरीक्षण गराउन निर्देशन दिन सक्नेछ ।

## परिच्छेद-५

## <u>विविध</u>

२८. **<u>साधारण सभालाई जानकारी गराउनु पर्ने</u>**: यस कार्यविधि बमोजिम अनुदान प्राप्त भए पछि संस्थाले लगत्तै बस्ने साधारण सभालाई सो को सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ ।

२९. **<u>विवरण सार्वजनिक गर्नुपर्ने</u>:** (१) संस्थाले नेपाल सरकारबाट प्राप्त गरेको वित्तीय अनुदानको प्रयोजन समेत खुल्ने विवरण आयोजना स्थलमा र खर्चको विवरण संस्थाको कार्यालयमा स्पष्ट देखिने र पढ्न सक्ने गरी सूचना पाटीमा सार्वजनिक गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक गरिने विवरणमा आयोजनाको स्वीकृत प्रस्ताव बमोजिम नेपाल सरकार र संस्थाको योगदान तथा अद्यावधिक खर्चका विवरणहरू समेत खुलाई राख्नुपर्नेछ ।

(३) आयोजनाका लागि प्रदेश सरकार वा स्थानीय तहबाट समेत वित्तीय सहयोग प्राप्त भएकोमा उपदफा (२) बमोजिमको विवरणमा प्रदेश सरकार र स्थानीय तहको योगदान खुलाउनु पर्नेछ ।

३०. **<u>प्रतिवेदन प्रकाशन गर्नुपर्ने</u>:** विभागले यस कार्यविधि बमोजिम प्रदान गरिएको वित्तीय अनुदानको प्रतिफल समेत झल्कने गरी वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ ।

३१. **<u>बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्ने</u>:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आई परेमा मन्त्रालयले आवश्यक व्यवस्था गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

३२. **<u>सहमति लिनुपर्ने</u>:** मन्त्रालयले यस कार्यविधिको संशोधन गर्दा अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ ।

३३. **<u>बचाउः</u>** सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७८ बमोजिम भए गरेको काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची- १

### (दफा ५ को उपदफा (१) खण्ड (क) सँग सम्बन्धित)

### दुर्गम भौगोलिक क्षेत्रहरू

१. प्रदेश नं. १ को ताप्लेजुङ, नुमसहित दक्षिण क्षेत्रबाहेक सम्पूर्ण संखुवासभा र सोलुखुम्बु जिल्ला

२. बागमती प्रदेशको दोलखा जिल्लाको लामावगर र रोल्वालिङ क्षेत्र तथा धादिङ जिल्लाको सेतीवास उत्तरको सिंहार क्षेत्र,

३. गण्डकी प्रदेशको मनाङ जिल्ला र गोरखा जिल्लाको सिर्दिवास उत्तरको लार्के क्षेत्र,

४. गण्डकी प्रदेशको टुकुचेभन्दा दक्षिणी क्षेत्रबाहेकको मुस्ताङ जिल्ला र उत्तरी बाग्लुङको ढोरपाटन क्षेत्र,

५. लुम्बिनी प्रदेशको रोल्पा जिल्ला र रुकुमपूर्व जिल्ला,

६. कर्णाली प्रदेशको हुम्ला, जुम्ला, मुगु, कालिकोट, डोल्पा, रुकुम पश्चिम र जाजरकोट जिल्ला

७. सुदूर पश्चिम प्रदेशको बझाङ, बाजुरा र दार्चुला जिल्ला ।

**अनुसूची- २**

**(दफा १३ सँग सम्बन्धित)**

**<u>दरखास्तको ढाँचा</u>**

श्री रजिष्ट्रारज्यू,
सहकारी विभाग, काठमाण्डौ ।
मार्फत्: श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,.........................प्रदेश,.................. ।
................................................पालिका,................... ।

विषयः वित्तीय अनुदानका लागि प्रस्ताव पेश गरिएको ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागबाट मिति ............ मा ................. राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार यस सङ्घ/संस्थाले नेपाल सरकारको वित्तीय अनुदान समेतमा ................................ आयोजना सञ्चालन गर्ने गरी मिति ................. को साधारण सभाले निर्णय गरेकाले सूचनामा तोकिएका कागजात संलग्न राखी अनुसूची-३ बमोजिमको विवरण खुलाई यो दरखास्त पेश गरिएको छ ।

सहकारी संस्थाहरूलाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७९ का शर्त, बन्देजहरू पालना गर्न यो ...........सङ्घ/संस्था मन्जुर छ ।

भवदीय,
..................
अध्यक्ष

नाम, थर:
संस्थाको नाम, ठेगाना:
संस्थाको छाप:
सम्पर्क नं.:

**अनुसूची- ३**

**(दफा १३ को खण्ड (ज) सँग सम्बन्धित)**

**आयोजना प्रस्तावको ढाँचा**

१) संघ/संस्थाको नामः ........................................................................................

ठेगाना :

जिल्ला :

न.पा.:

वडा नं. :

गाउँ/टोल :

२)दर्ता नम्बर र मिति :

३)आयोजनाको नाम :

४)आयोजनास्थल

प्रदेशः

जिल्ला :

महा/उपमहा/नगर/गाउँपालिका:

वडा नं.:

गाउँ/टोल :

५) आयोजनास्थल अनुसूची- १ बमोजिमको क्षेत्रमा: पर्ने ☐ नपर्ने ☐

६) आयोजना प्रारम्भ हुने मितिः

७)आयोजना सम्पन्न हुने मितिः

८) प्रस्तावित आयोजनाको कुल लागतः रु. ....................................

८.१ पुँजीको आवश्यकता र स्रोत व्यवस्थाः

| प्रयोजन | रु. | जम्मा स्थिर पुँजीको प्रतिशत | स्रोतको अनुमान | रु. | स्थिर पुँजीतर्फ जम स्रोतको प्रतिशत |
|---|---|---|---|---|---|
| (क) स्थिर पुँजीतर्फ | | | | | |
| मेसिनरी उपकरण | | | सहकारी संस्था | | |
| जग्गा | | | स्थानीय सरकार | | |
| भवन, टहरा | | | प्रदेश सरकार | | |
| ढुवानीका साधन | | | नेपाल सरकार | | |

| | | | | | |
|---|---|---|---|---|---|
| अन्य (खुलाउने) | | | अन्य (खुलाउने) | | |
| जम्मा स्थिर पुँजी आवश्यकता (क) | | | स्थिर पुँजीतर्फ स्रोत(क) | | |
| (ख) कार्यशील पुँजीतर्फ | | जम्मा कार्यशील प्रतिशत | स्रोत | रु. | जम्मा कार्यशील प्रतिशत |
| कार्यशील पुँजी | | | सहकारी संस्था | | |
| | | | राष्ट्रियसहकारी बैंक | | |
| | | | अन्य (खुलाउने) | | |
| जम्मा कार्यशील पूजी आवश्यकता (ख) | | | कार्यशील पुँजीतर्फ स्रोत (ख) | | |
| कूल पुँजी आवश्यकता (क | | | कूलस्रोतपरिचालन | | |

९) संस्थाको लागत व्यहोर्ने स्रोत :

क. शेयर रकमबाट रु. ....................

ख. जगेडा कोषबाट रु. ....................

ग. अन्य रु. ....................

१०) नेपाल सरकारको अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउनेः..............................................................................

..........................................................................................................

११) सदस्य सहभागिताको अवस्था

| वर्गीकरण | सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| | साधारण सदस्य | | सञ्चालक समिति | | आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| महिला | | | | | | |
| अपाङ्गता भएका व्यक्ति | | | | | | |
| दलित समुदाय | | | | | | |
| लोपोन्मुखजाति | | | | | | |
| गरिब परिचयपत्रप्राप्त परिवारका सदस्य | | | | | | |
| अन्य | | | | | | |

| जम्मा | | | | | | |
|---|---|---|---|---|---|---|

१२) संस्थाको व्यावसायिक सेवामा सदस्य केन्द्रीयता

| विवरण | | हालको अवस्था (पछिल्लो आ.व.को) | | आयोजना सञ्चालन भएपछि अवस्था | |
|---|---|---|---|---|---|
| | | रु. हजार | प्रतिशत | रु. हजार | प्रतिशत |
| उत्पादित वस्तुको खरिद | सदस्यको उत्पादन | | | | |
| | गैरसदस्यको उत्पादन | | | | |
| जम्मा | | | | | |
| उत्पादन सामग्री र उपभोग्य वस्तुको विक्री | सदस्यलाई | | | | |
| | गैरसदस्यलाई | | | | |
| जम्मा | | | | | |

| स्वरोजगारी | हालको अवस्था | | | | आयोजना सञ्चालन भएपछि हुने अव | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सदस्य सङ्ख्या | गैरसदस्य | जम्मा | सदस्यको | सदस्य सङ्ख्या | गैरसदस्य | जम्मा | सदस्यको प्रतिशत |
| प्रत्यक्ष पूर्ण (वर्षमा २,०८० घण्टाकाम भए १ जना मानी सङ्ख्या जनाउने) | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |
| जम्मा | | | | | | | | |

१३) आयोजनास्थलमा पूर्वाधारको स्थिति (✓चिन्ह लगाउनुहोस्)

- बिजुली ☐
- सिँचाइ ☐
- पक्की सडक ☐
- कच्ची सडक ☐

१४) व्यवसायको लागि भवन, टहरा, सेडको स्थिति (✓चिन्ह लगाउनुहोस्):

- आफ्नै स्वामित्वमा निर्माण भएको ☐
- आफ्नै स्वामित्वमा निर्माणाधीन ☐

१५) कार्यालयको भौतिक स्थिति

आफ्नै भवन ☐

भाडाको घर ☐

१६) संस्थागत सुशासनको स्थितिः

सञ्चालक समितिको बैठक नियमित ☐ छ ☐ छैन

वार्षिक साधारण सभा नियमित ☐ छ ☐ छैन

लेखा परीक्षण नियमित ☐ छ ☐ छैन

संघहरूमा आबद्ध ☐ छ ☐ छैन

कार्यसञ्चालन नियमावली ☐ छ ☐ छैन

छ भने कतिवटाः

आयोजनाको सम्भाव्यता अध्ययन ☐ छ ☐ छैन

भएको भए व्यवसायको वार्षिक मुनाफा दरः

१७) उत्पादित वस्तुको बजार सम्भावनाः

अन्तर्राष्ट्रिय बजारको पहुँच ☐ भएको ☐ नभएको

राष्ट्रिय बजारको पहुँच ☐ भएको ☐ नभएको

स्थानीय बजारको पहुँच ☐ भएको ☐ नभएको

१८) सामूहिक व्यवस्थापनमा सञ्चालन

क) ☐ हुने ☐ नहुने

ख) हुने भए सामूहिक रूपमा के कसरी सञ्चालन गरिने हो, खुलाउने :

.....................................................................................................................................................

.....................................................................................................................................

१९)प्रविधिमा नवप्रवर्तन (उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रूपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्बन)

क) ☐ हुने ☐ नहुने

ख) हुने भए के कसरी हुने हो, खुलाउने :

..............................................................................................................................................

..............................................................................................................................................

...............................................................................................................

२०) मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलाप

क) ☐ हो ☐ होइन

ख) हो भने बेहोरा खुलाउने :

..............................................................................................................................................

........................................................................................................................

२१) वैदेशिक बजारीकरण

| विवरण | हाल (पछिल्लो आ.व.) को अवस्था | | आयोजना सञ्चालन भएपछि हुने अ | |
|---|---|---|---|---|
| | रु. | प्रतिशत | रु. | प्रतिशत |
| स्वदेशमा बिक्री | | | | |
| विदेशमा बिक्री | | | | |
| जम्मा | | | | |

२२)वातावारणीय सरोकार (प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदूषणको रोकथामलगायतमा पर्ने प्रभाव)

क) सकारात्मक प्रभाव ☐ हुने ☐ नहुने

ख) हुने भए के कस्तो हुने हो, खुलाउने :

..............................................................................................................................................

........................................................................................................................

ग) नकारात्मक प्रभाव ☐ हुने ☐ नहुने

घ) हुने भए के कस्तो हुने हो, खुलाउने :

..................................................................................................................................................................................

.........................................................................................................................................................

२४) अन्य कुनै कुरा भए खुलाउने :

..................................................................................................................................................................................

......................................................................................................................................................

अध्यक्षको हस्ताक्षर

..................................

नाम, थर :

संस्थाको नाम, ठेगाना :

संस्थाको छाप

सम्पर्क नं.:

## अनुसूची-४

## प्रारम्भिक छानविनको ढाँचा

## (दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

१.संघ/संस्थाको नाम: ......................................................................................

ठेगाना :

जिल्ला :

न.पा.:

वडा नं. :

गाउँ/टोल :

| | | | | |
|---|---|---|---|---|
| २.सूचनाको म्यादभित्र दरखास्त दर्ता | ☐ | भएको | ☐ | नभएको |
| ३. सूचनामा तोकिएका सबै कागजात संलग्न | ☐ | भएको | ☐ | नभएको |
| ४. पछिल्लो वार्षिक साधारण सभा समयमै | ☐ | गरेको | ☐ | नगरेको |
| ५. पछिल्लो सञ्चालक समितिको निर्वाचन समयमै | ☐ | गरेको | ☐ | नगरेको |
| ६.पछिल्लो वार्षिक लेखापरीक्षण समयमै | ☐ | गराएको | ☐ | नगराएको |
| ७.यसअघि अनुदान प्राप्त गरेको भए सदुपयोग | ☐ | गरेको | ☐ | नगरेको |
| ८. कार्यक्षेत्रभन्दा बाहिर गई कारोबार सञ्चालन | ☐ | नगरेको | ☐ | गरेको |
| ९. संस्था सञ्चालनमा आएको कम्तीमा २ आर्थिक वर्ष पूरा (बीउपुँजी अनुदानको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न) | ☐ | भएको | ☐ | नभएको |
| १०. कर चुक्ता प्रमाणपत्र | ☐ | भएको | ☐ | नभएको |
| ११. दफा १५ को उपदफा (५) बमोजिम भएको | ☐ | भएको | ☐ | |
| १२. बीउपुँजी र पुँजीगत अनुदानको हकमा बचत तथा ऋणको मुख्य कारोबार | ☐ | नगरेको | ☐ | गरेको |
| १३. लेखा समितिको वार्षिक प्रतिवेदन पेश | ☐ | भएको | ☐ | नभएको |

द्रष्टव्य : ..........................................................................................................

..........................................................................................................

| | |
|---|---|
| जाँच गर्ने कर्मचारीको | प्रमाणित गर्ने कार्यालय प्रमुखको |
| नाम, थर : | नाम, थर : |
| दस्तखत : | दस्तखत : |
| पद : | पद : |
| मिति : | मिति : |

## अनुसूची- ५

### (दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

प्रस्ताव मूल्याङ्कनका आधार र अङ्क

| सि.नं. | आधार | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|
| **१** | **आयोजनाको सदस्य केन्द्रीयता (उत्पादनमूलक संस्थामा सदस्यबाट ख उपभोक्ता संस्थामा सदस्यलाई बिक्री र रोजगारीमूलक संस्थामा सदस्य रोजगारी)** | | २० |
| **१.१** | **हालको अवस्था** | **१०** | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा बढी | ८ | |
| (ग) | ५० वा बढी | ६ | |
| (घ) | २५ वा बढी | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| **१.२** | **आयोजनाको प्रक्षेपित अवस्था** | **१०** | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा बढी | ८ | |
| (ग) | ५० वा बढी | ६ | |
| (घ) | २५ वा बढी | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| २ | **आयोजनाबाट सिर्जना हुने रोजगारी (प्रतिलाख लगानीमा पूर्ण रोजगारी सङ्ख्या)*** | | **१५** |
| (क) | ५ जना वा बढी | १५ | |
| (ख) | ४ जना | १२ | |
| (ग) | ३ जना | ९ | |
| (घ) | २ जना | ६ | |
| (ङ) | १ जना वा कम | ३ | |
| **३** | **सीमान्तीकृत समुदायको सहभागिता** | | **१५** |
| **३.१** | **सदस्यमा सहभागिता** | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |

| | | | |
|---|---|---|---|
| **३.२** | **सञ्चालक समितिमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **३.३** | **आयोजनाको लाभ लिनमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४ | **महिला सहभागिता** | | **१५** |
| ४.१ | **सदस्यमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४.२ | **सञ्चालक समितिमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४.३ | **आयोजनाको लाभ लिनमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **५** | **भौगोलिक अवस्था** | | **१०** |
| (क) | अनुसूची १ बमोजिमको क्षेत्र | १० | |

| | | | |
|---|---|---|---|
| (ख) | अन्य ग्रामीण क्षेत्र | ८ | |
| (ग) | नगरपालिका | ६ | |
| (घ) | उपमहानगरपालिका | ४ | |
| (ङ) | महानगरपालिका | २ | |
| **६** | **सिर्जनात्मकता** | | **२५** |
| (क) | **सामूहिक व्यवस्थापनमा सञ्चालन** | ५ | |
| (ख) | **भैरहेको प्रविधिमा नवप्रवर्तन**** | ५ | |
| (ग) | **मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलाप** | ५ | |
| (घ) | **वातावरणीय सरोकारको सम्बोधन***** | ५ | |
| (ङ) | **उत्पादनको वैदेशिक बजारीकरण****** | ५ | |

<u>**द्रष्टव्य**</u>:

* पूर्ण रोजगारी भन्नाले वर्षमा २,०८० घण्टाको काम सम्झनुपर्छ ।

** नवप्रवर्तन भन्नाले उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रूपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्बन सम्झनुपर्छ ।

*** वातावरणीय सरोकार भन्नाले प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदूषणको रोकथामलगायतमा पर्ने प्रभाव सम्झनुपर्छ ।

**** वैदेशिक बजारीकरण भन्नाले उत्पादनको ५ प्रतिशतभन्दा बढी विदेश निर्यातलाई सम्झनुपर्छ ।

# अनुसूची-६

## (दफा १८ को उपदफा (१) सँग सम्बन्धित)
## सम्झौता गर्नुपर्ने

**नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग र श्री.................................................सहकारी संस्थाबीच सम्पन्न सम्झौता–पत्र**

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग (यसपछि 'विभाग' भनिएको) र श्री .................................... सहकारी संस्था लि. ................. (यसपछि 'संस्था' भनिएको) का बीच सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७९ (यसपछि 'कार्यविधि' भनिएको) बमोजिम संस्थाको स्रोत र नेपाल सरकारको वित्तीय अनुदानसमेतबाट आयोजना सञ्चालन गर्ने, गराउने सम्बन्धमा तपसिलमा उल्लिखित सर्त, बन्देजहरू एक–आपसमा पालना गर्ने गरी दुवै पक्षको राजीखुसीले विभागको कार्यालय नयाँबानेश्वर, काठमाडौंमा बसी कार्यविधिको दफा १८ बमोजिम यो सम्झौता–पत्रमा सहीछाप गरी एक–एक प्रति बुझी लियौं दियौं ।

भाग १

आयोजना

१. विभागले मिति २०..।..।.. को गोरखापत्रमा प्रकाशित विभागको सूचना र मिति २०..।..।.. गतेको रजिष्ट्रारको निर्णयबाट म्याद थप गरिएको सूचनाको प्रतिउत्तरमा संस्थाले पेश गरेको दरखास्तमा संलग्न प्रस्तावमा उल्लेख भएबमोजिमको ........ आयोजना सञ्चालन गर्न संस्थालाई कार्यविधि अन्तर्गतको रजिष्ट्रारले मिति २०..।..।.. मा स्वीकृत गरेको अधिकतम सीमा रु. .......।– (अक्षरेपि ........) मा आयोजनाको यथार्थ पुँजीगत लगानीको ६०/७५/८०/९५ प्रतिशत ननाघ्ने गरी वित्तीय अनुदान प्रदान गर्नेछ ।

२. बुँदा (१) मा उल्लिखित आयोजना अन्तर्गतका कार्यहरू संस्थाले आर्थिक वर्ष (२०..।..) भित्र सम्पन्न गर्नुपर्नेछ/प्रारम्भ गरी आर्थिक वर्ष (२०..।..) भित्र सम्पन्न गर्नुपर्नेछ ।

भाग २

संस्थाको दायित्व

३. बुँदा (१) बमोजिम प्रदान गरिने वित्तीय अनुदानको रकम माग गर्नुअघि कार्यविधिको दफा १८ को उपदफा (३) बमोजिम संस्थाले अन्य कुराका अतिरिक्त देहाय बमोजिम आयोजना कार्यान्वयनको पूर्वतयारी पूरा गरेको हुनुपर्नेछः-

(क) निर्माण वा पुँजीगत मर्मत, सुधार कार्यको हकमा मान्यताप्राप्त प्राविधिकद्वारा विस्तृत प्राविधिक नाप, नक्सा तथा लागत अनुमान तयार पारी सञ्चालक समितिले स्वीकृत गरेको;

(ख) मेसिनरी, यन्त्र, साधनलगायतको हकमा मान्यताप्राप्त प्राविधिकद्वारा जडान गर्नुपर्नेमा जडान, कारखानाको रूपाङ्कन (Layout),सुविधासमेतको प्राविधिक विवरण (Technical Specification) तथा लागत अनुमान तयार पारी सञ्चालक समितिले स्वीकृत गरेको;

(ग) खण्ड (क) वा (ख) मा उल्लिखित निर्माण, खरिद वा जडान कार्यका लागि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम गुरु वा वार्षिक खरिद योजना तयार पारी सञ्चालक समितिले स्वीकृत गरेको;

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम सम्पन्न लागत अनुमानसमेतका कार्यहरू रु. ५ करोडसम्मको आयोजना भए सञ्चालक समितिबाट र सोभन्दा बढीको आयोजना भए साधारण सभाबाट अनुमोदन गरी खरिद योजना पारीत भएको र

(ङ) खण्ड (घ) बमोजिम पारीत खरिद योजना र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम बोलपत्र आह्वान वा सिलबन्दी दरभाउपत्र माग गर्नुपर्नेमा तत्सम्बन्धी कागजात तयार पारी सूचना प्रकाशन गरी त्यस्तो बोलपत्र वा सिलबन्दी दरभाउपत्र सञ्चालक समितिको निर्णयानुसार स्वीकृत गरेको ।

४. संस्थाले बुँदा (३) बमोजिम खरिद योजनाका साथै कार्यसम्पादन तालिकासमेत पेश गर्नुपर्नेछ तथा त्यस्तो तालिकामा काम सुरु भएपछि हुने अवधिबीचको क्रियाकलाप समावेश भएको हुनुपर्नेछ ।

५. संस्थाले कार्यविधिको दफा ९ बमोजिम सदस्य–केन्द्रित भएर आयोजना अन्तर्गतका सेवा सञ्चालन गर्नेछ तथा सेवामा विपन्न महिला, अपाङ्गता भएका व्यक्ति, दलित एवं अल्पसङ्ख्यक जनजातिसमेतका सीमान्तीकृत समूहहरूको पहुँच स्थापित गर्न प्रोत्साहनजनक व्यवस्थाहरू मिलाउनेछ ।

६. संस्थाले यो सम्झौता–पत्रबमोजिम प्राप्त हुने वित्तीय अनुदानको सम्पूर्ण रकमका सम्बन्धमा देहायबमोजिम लेखाङ्कन र उपयोग गर्नुपर्नेछः

(क) कार्यविधिको दफा २१ को उपदफा (१) बमोजिम आफ्नो खातामा आम्दानी बाँधी दफा ५ को उपदफा (५) बमोजिम जगेडा कोषमा राख्ने;

(ख) कार्यविधिको दफा २१ को उपदफा (२) बमोजिम उपयोग खुल्ने गरी स्रेता राखी उल्लेखित आयोजनाको, पुँजीगत खर्चमा मात्र उपयोग गर्ने र

(ग) आयोजना स्थल वा संस्थाको कार्यालयमा छुट्टै सूचना पाटी खडा गरी कार्यविधिको दफा २८ बमोजिम नेपाल सरकारका साथै संस्थाको योगदानसमेत देखिने गरी आयोजनाको जम्मा बजेट र आद्यावधिक खर्चको फाँटवारी सजिलै पढ्न सकिने अक्षरमा लेखी सार्वजनिक गर्ने ।

७. संस्थाले बुँदा (१) मा उल्लिखित आयोजनाअन्तर्गत सम्पन्न गरेका कार्य, खर्च र प्रतिफलसहितको प्रगति विवरण देहायबमोजिम सञ्चालक समितिले स्वीकृत गरी विभागमा पेश गर्नुपर्नेछः

(क) पूर्वतयारी प्रतिवेदन पहिलो किस्ता लिनुअगावै;

(ख) अन्तरिम प्रतिवेदन दोस्रो किस्ता लिनुअगावै;

(ग) वार्षिक प्रतिवेदन दोस्रो किस्ता लिएको आर्थिक वर्ष व्यतीत भएको ३० दिनभित्र;

(घ) बुँदा (१७) बमोजिम कर कट्टी, दाखिला एवं फरफारकको विवरण अन्तरिम प्रतिवेदन तथा वार्षिक प्रतिवेदनसँगै र

(ङ) आयोजनाको प्रतिफल (output) तथा उपलब्धिसहितको अन्तिम प्रतिवेदन आयोजना सम्पन्न भएको एक वर्षभित्र ।

८. संस्थाले यो सम्झौता–पत्रबमोजिम प्राप्त हुने अनुदान रकमको स्रेस्ता तथा बील, भरपाईहरू अलग्गै रूपमा राखी सहकारी ऐन, २०७४ मा व्यवस्था भएबमोजिम लेखापरीक्षण गराएर साधारण सभाबाट स्वीकृत भएपछि विभागमा पठाउनुपर्नेछ ।

९. संस्थाले बुँदा (२२) बमोजिम साधारण सभाबाट अनुमोदित कार्यप्रगति प्रतिवेदन एवं बुँदा (७) बमोजिम विभागमा पेश गरेको प्रतिवेदनको एक प्रति सम्बन्धित स्थानीय तहमा समेत पठाउनुपर्नेछ ।

१०. संस्थाले यो सम्झौता–पत्रबमोजिम प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा सम्पूर्ण आयोजना/कार्यक्रम खर्चका लागि एउटै 'प्याकेज' मा वा छुट्टाछुट्टै 'प्याकेज' गर्ने भए सोसमेत उल्लेख गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को प्रक्रिया पूरा गरेको हुनुपर्नेछ ।

भाग ३

विभागको दायित्व

११. संस्थाले बुँदा (३) बमोजिम पूर्वतयारी पूरा गरेको जानकारीसहित रकम माग गरेको सात दिनभित्र विभागले बुँदा (१) मा उल्लिखित अधिकतम सीमाको ५० प्रतिशतले हुने रु. .........।– (अक्षेरेपी .........) को सीमा ननाध्ने गरी संस्थाले बुँदा (३) को खण्ड (ङ) बमोजिम स्वीकृत गरेको बोलपत्र/सिलबन्दी दरभाउपत्रमा उल्लिखित करार सम्झौता रकममध्ये नेपाल सरकारको अनुदानतर्फको रकमको६०/७५/८०/९५ प्रतिशतले हुने रकम पहिलो किस्ताबापत भुक्तानी गर्नेछ ।

१२. बुँदा (११) मा जुनसुकै कुरा लेखिएको भए तापनि बुँदा (३) को खण्ड (ख) मा उल्लिखित मेसिनरी, यन्त्र वा साधन आयात गर्न संस्थाले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को व्यवस्थाअनुसार विभागको स्वीकृति लिई उत्पादक वा आपूर्ति कर्ताको नाममा संस्थाले नै प्रतीतपत्र (Leter of Credit) खोलेको खण्डमा त्यसरी प्रतीतपत्र खोलेको रकमको आधारमा विभागले बुँदा (१) मा उल्लिखित अधिकतम सीमाको ५० प्रतिशतले हुने रु. ............।– (अक्षेरेपी दश .............) सम्मको रकम पहिलो किस्ताबापत सम्बन्धित बैङ्कलाई भुक्तानी गरिदिन सक्नेछ ।

१३. बुँदा (३) को खण्ड (ङ) बमोजिम संस्थाले स्वीकृत गरेको बोलपत्र/सिलबन्दी दरभाउपत्रमा उल्लिखित रकमको ६०/७५/८०/९५ प्रतिशतले हुने रकममा बुँदा (११) वा (१२) बमोजिम भुक्तानी गरेको पहिलो

किस्ताबापतको रकम कटाएर बाँकी हुने रकम विभागले कार्यविधिको दफा १९ को उपदफा (१) को खण्ड (ख) बमोजिम संस्थाले देहायका कागजातसहित अन्तरिम प्रतिवेदन पेश गरेको सात दिनभित्र भुक्तानी दिनेछ ।

(क) पहिलो किस्ताबापत प्राप्त रकमको खर्चको फाँटवारी र

(ख) निर्माण कार्यको हकमा नेपाल सरकारको ठेक्कासम्बन्धी बील (म.ले.प.फा.नं. १६८) को ढाँचामा रनिङ बील तथा नापी किताप (Measurement book) को प्रतिलिपि ।

१४. बुँदा (१३) बमोजिम संस्थालाई बाँकी रकम भुक्तानी गर्दा विभागले निर्माण कार्यको हकमा रनिङ बीलको आधार लिनेछ र प्रत्येकपल्ट ६०/७५/८०/९५ प्रतिशतको अनुपात कायम गर्नेछ ।

१५. बुँदा (११), (१२), (१३) वा (१४) बमोजिम संस्थाले विभागमा अनुदानको रकम माग गर्दा आयोजनाअन्तर्गत सम्पन्न गरिने कार्यहरूको नाप, नक्सा, प्राविधिक विवरण (Technical specifications), लागत अनुमान, खरिद योजना, प्राविधिक जाँच प्रतिवेदन, बील, भरपाईलगायत सम्पूर्ण कागजातका साथै तत्सम्बन्धी भएका निर्णयका प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

१६. बुँदा (१५) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको तर्फबाट एकपल्ट विभागमा पेश भइसकेको कागजात पुनः पेश गर्न आवश्यक हुने छैन ।

१७. बुँदा (११), (१२), (१३) वा (१४) बमोजिम विभागले संस्थालाई प्रदान गरिने अनुदान रकममा विभागले आयकर कट्टा गर्ने छैन तर संस्थाले आयोजना कार्यान्वयनका लागि गरेको करारअन्तर्गत सो अनुदान रकमबाट भुक्तानी दिने रकमको रोहमा परिचालन पेश्की (Mobilisation advance), मूल्य अभिवृद्धि कर तथा अन्य करहरू, स्रोतमा आयकर कट्टी व्यवस्थासमेतमा संस्थाको तर्फबाट भुक्तानी, कट्टी, हिसाब मिलान, दाखिला र फरफारकको व्यवस्था गर्नुपर्नेछ ।

भाग ४

शर्तहरू

१८. संस्थाले खरिद गर्ने मेसिनरी, यन्त्र, साधन उपकरण र यान्त्रिक सरसामान सबै अघि कहीं कसैले प्रयोग गरिसकेको नभएर नयाँ हुनुपर्नेछ ।

१९. संस्थाले यसै आर्थिक वर्ष (२०..।..) भित्र बुँदा (३) बमोजिमको पूर्वतयारी पूरा गर्न नसक्ने भए बोलपत्र आह्वान वा सिलबन्दी दरभाउपत्र माग गर्नु अगावै तत्सम्बन्धी कारणसमेत जनाएर आफ्नो खरिद योजना विभागमा पेश गर्नुपर्नेछ र आगामी आर्थिक वर्ष (२०..।..) भित्र सम्पूर्ण कार्य सम्पन्न हुने अवस्था भएमा विभागले सहमति प्रदान गर्न सक्नेछ ।

२०. बुँदा (१) मा उल्लिखित आयोजनाको पूर्वतयारीको चरणदेखि नै विभाग र सम्बन्धित स्थानीय तहसमेतले जुनसुकै बेला स्थलगत अनुगमन गर्न सक्नेछ तथा संस्थाले त्यसमा आवश्यक सहयोग गर्नुपर्नेछ ।

२१. बुँदा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको लेखापरीक्षण त्रुटिपूर्ण रहेको भनी उजुरी परेमा विभागले तत्सम्बन्धमा छानबिन गरी पुनः लेखापरीक्षण गराउन निर्देशन दिन सक्नेछ ।

२२. संस्थाले यो सम्झौता–पत्रबमोजिम प्राप्त अनुदानको जानकारी लगत्तै बस्ने साधारण सभामा गराउनुका साथै वार्षिक साधारण सभामा अनुदानबाट सम्पन्न गरेका कार्यहरूको विवरण पेश गरी अनुमोदन गराउनुपर्नेछ ।

२३. यो सम्झौता–पत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बुँदा (२०) बमोजिम अनुगमन गर्दा संस्था/संस्थाले प्राप्त वित्तीय अनुदानको सदुपयोग नगरेको वा यो सम्झौता–पत्रको कुनै सर्त पालना नगरेको पाइएमा विभागले कार्यविधिको दफा २४ बमोजिम बाँकी किस्ताको भुक्तानी रोक्का राख्नुका साथै त्यस्तो अनुदानको रकम कुनै किसिमले दुरुपयोग गरिएको पाइएमा कार्यविधिको दफा २५ बमोजिम त्यसरी दुरुपयोग गर्ने संस्थाका पदाधिकारी तथा सदस्यको घरघरानाबाट सरकारी बाँकीसरह असुलउपर गराउनेछ ।

२४. यो सम्झौता–पत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले बुँदा (१०) मा उल्लेख भए बमोजिमको प्रक्रिया पूरा नगरी यो सम्झौता–पत्रअन्तर्गत प्राप्त हुने वित्तीय अनुदानको रकम भुक्तानी वा सोधभर्ना माग गरेकोमा विभागले त्यस्तो रकम भुक्तानी वा सोधभर्ना दिने छैन ।

२५. संस्थाले यो सम्झौता–पत्रको मितिले ६० दिनभित्र बुँदा (३) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको पूर्वतयारीका कार्यहरू सम्पन्न नगरेमा वा यो सम्झौता–पत्र वा कार्यविधिको व्यवस्थाहरूको उल्लङ्घन हुने गरी कार्य गरेमा विभागले यो सम्झौता—पत्र रद्द गर्न सक्नेछ ।

२६. यो सम्झौता–पत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यविधिको दफा १४ को उपदफा (४) बमोजिम रजिष्ट्रारले आयोजनाका लागि वित्तीय अनुदान स्वीकृत गर्दा तोकेको सर्त पूरा नगरेको खण्डमा विभागले यो सम्झौता–पत्र रद्द गर्न सक्नेछ ।

२७.करार सम्झौताको कार्यान्वयनको सन्दर्भमा नेपाल सरकारको अनुदान रकमबाट कुनै पनि मूल्य समायोजन र भेरियसनको रकम भुक्तानी गरिने छैन ।

२८. संस्थाले करार सम्झौता रकम बराबरको बिमा गर्न सक्नेछ तथा सोको प्रिमियम रकम (यथार्थ खर्चको आनुपातिक आधारमा) अनुदान रकमबाट भुक्तानी गर्न सकिनेछ ।

२९. बुँदा (१) मा उल्लिखित आयोजना स्थलमा संस्थाले 'नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागको सहयोगमा मिति २०...।....।... मा स्थापित/निर्माण सम्पन्न/क्षमता विस्तार कार्य सम्पन्न' भनी प्रस्तर वा अन्य उपयुक्त पाटीमा देहायको विवरणसमेत लेखी आयोजना स्थलमा राखेको हुनुपर्नेछ :

(क) आयोजनाको नाम; (ख) सम्पन्न भएका कार्यहरू;

(ग) कुल लागत; (घ) लागत बेहोरिएको स्रोत

जम्मा रु. :

नेपाल सरकारको अनुदान रु. :

संस्थाको लगानी रु. :

(ङ) कार्य सुरु भएको मिति; (च) सञ्चालनमा आएको मिति;

(छ) लाभान्वित समूह र जना (ज) अन्य ।

३०. विभाग वा संस्थाले काबुबाहिरको परिस्थितिका कारण यो सम्झौता–पत्रको कुनै बुँदामा संशोधन गर्नुपर्ने भएमा संस्थाको हकमा त्यस्तो घटना घटेको सात दिनभित्र निवेदन दिनुपर्नेछ र औचित्यका आधारमा दुवै पक्षको आपसी सहमतिले संशोधन गर्न सकिनेछ ।

३१. यो सम्झौता–पत्रमा नलेखिएको कुनै कुराका सम्बन्धमा वा यसमा लेखिएको कुनै कुरा कार्यविधिसँग बाझिएकोमा कार्यविधिबमोजिम हुनेछ ।

३२. यो सम्झौता–पत्र हस्ताक्षर भएको मितिले एक वर्षसम्म मान्य रहनेछ र काबुबाहिरको परिस्थिति प्रमाणित भएमा विभागले तीन महिनासम्म म्याद थप गर्न सक्नेछ ।

३३. बुँदा (३२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनासिब कारण परी संस्थाले यो सम्झौता–पत्रको मान्य अवधि बढाउन निवेदन दिएको खण्डमा विभागले छ महिनासम्म मान्य अवधि बढाउन सक्नेछ ।

३४. यो सम्झौता–पत्रको कुनै प्रावधानका सम्बन्धमा विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी समझदारीमा त्यस्तो विवादको निरूपण गरिनेछ ।

३५. बुँदा (३४) बमोजिम विवादको निरूपण हुन नसकेको खण्डमा रजिष्ट्रारको निर्णय बमोजिम हुनेछ तथा तत्सम्बन्धमा रजिष्ट्रारले गरेको निर्णय अन्तिम हुनेछ ।

३६. यो सम्झौता–पत्रमा लेखिएका कुरा यसै बमोजिम र यसमा नलेखिएका कुराका हकमा सम्बन्धित विषयको नेपाल सरकारको प्रचलित कानूनबमोजिम हुनेछ ।

सहीछाप

| संस्थाको तर्फबाट | विभागको तर्फबाट |
| --- | --- |
| नाम : | नाम : |
| पद : | पद : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| छाप : | छाप : |

रोहवर

| | |
| --- | --- |
| १. नाम : | १. नाम : |

ठेगाना :

हस्ताक्षर :

२. नाम :

ठेगाना :

हस्ताक्षर :

ठेगाना :

हस्ताक्षर :

२. नाम :

ठेगाना :

हस्ताक्षर :

इति संवत् २०........... साल ...... महिना .... रोज ... शुभम्–

## अनुसूची-७

## (दफा ९ को उपदफा (२) सँग सम्बन्धित)
## व्यवसाय प्रवर्द्धन तथा विकासका लागि अनुदान प्रदान गर्न सक्ने

### नमुना सहकारी संस्था मूल्यांकनका लागि अपनाइने आधारहरू

नमुना सहकारीका लागि सहकारी संस्थाहरूको मूल्याङ्कन निम्न आधारहरूमा गरिनेछ ।

क) संस्था दर्ता भएको कम्तीमा ३ वर्ष पुरा भएको ।

ख) सहकारी सिद्धान्त, मूल्य मान्यता र सहकारी ऐन नियम परिपालना गरेको स्वघोषणा ।

ग) सहकारी ऐनमा व्यवस्था भए वमोजिम लेखापरिक्षण तथा बार्षिक साधारण सभा सम्पन्न गरेको, वार्षिक योजना तथा वजेट निर्माण गरी लागू गरेको र सम्बन्धित निकायमा नियमित प्रतिवेदन,

घ) समिति तथा उपसमितिका नियमित वैठकहरू बसेको,

ङ) सम्बन्धित निकायलाई नियमानुसार तिर्नुपर्ने कर चुक्ता गरे/नगरेको,

च) आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरे नगरेको,

छ) सदस्यलाई प्रदान गरेको सेवा र व्यवसायिक कारोवारको अवस्था,

ज) सदस्य संख्या वृद्धि दर, तथा शेयर पूँजीको वृद्धि अनुपात,

झ) वित्तीय कारोवारको स्तर,

ञ) बचत तथा ऋणको कारोवार गरेको हकमा पल्स अनुगमन प्रणाली पूरा गरेको,

ट) कृषि क्षेत्रसग सम्बन्धित सहकारी संस्थाहरूको हकमा कृषि क्षेत्रमा गरेका कार्यहरू,

ठ) वहुउद्देश्यीय सहकारी संस्थाको हकमा वहुउद्देश्यीय क्षेत्रमा गरेका कार्यहरू,

ड) अन्य संस्थाहरूको हकमा सम्बन्धित विषयगत क्षेत्रमा गरेका कार्यहरू,

ढ) सदस्य शिक्षा लगायतका सहकारी प्रबद्र्धनात्मक कार्यहरू,

ण) महिला समावेशिताको अवस्था,

त) भौगोलिक अवस्थिति,

थ) रोजगारी संख्या,

द) समुदायिक कार्यमा पुप्याएको योगदान,

ध) सहकारी तथा गरिवी सम्वन्धि सूचना प्रणाली (COPOMIS) मा प्रविष्टि भएको,

न) सहकारी प्रबद्र्धनका लागि सरोकारवाला निकायहरूसँग बहस पैरबीमा सहभागिता,

ऩ) पुरस्कार वा प्रोत्साहन प्राप्त गरे/नगरेको,

प) भवन स्थायी सम्पत्ति व्यवस्था,

फ) सहकारी संस्थाहरू विगत ३ वर्षदेखि लगातार मुनाफामा संचालन भएको हुनुपर्ने,

ब) सदस्यले प्राप्त गरेको लाभ (अंकमा किटान गर्ने),

भ) शेयर सदस्यलाई प्रवाह भएको कर्जाको अवस्था (अंक र प्रतिशत),

म) सञ्चालक समितिको सदस्यले लिएको ऋणको अवस्था (अंक र प्रतिशत),

य) सहकारी प्रवर्द्धन कोषमा गरेको योगदानको अवस्था

र) अनुगमन गर्दा दिइएको सुझावहरूको कार्यान्वयनको अवस्था, आदि ।